# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# शिवनाथ गाउँपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मितिः २०७७/०३/२८

च.नं. ५४२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
शिवनाथ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बैतडी ।


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

२०७७।३।२८

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७
च.नं. ५४३

मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बैतडी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ९९ लाख ३ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रमाण कागजात पेश गर्नुपर्ने रु. २० लाख ७८ हजार नियमितगर्नुपर्ने रु. ६५ लाख ३८ हजार पेश्की बाँकी रु. १२ लाख ८७ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/६/१** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १४ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

५

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**शिवनाथ गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय एव उद्देश्यः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्धहुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभपुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक कियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

**स्थानीय संचितकोषः –** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं. | आय विवरण | रकम | व्यय विवरण | रकम |
|---|---|---|---|---|
| | गत वर्षको अल्या | ३२५४५८३१.४१ | वित्तिय समानिकरण | ८७०२९७८९.८० |
| १ | वित्तिय समानिकरण | ६९३०००००.०० | राजस्व बाडफाड प्राप्त | ४३४२८७८३.३३ |
| २ | राजस्व बाडफाड प्राप्त | ४३४२८७८३.३३ | ससर्त अनुदान | ८५४७०६८४.०० |
| ३ | ससर्त अनुदान | ९८९६७९९९.७० | भसामाजिक सूरक्षा भत्ता | २७७३८६००.०० |
| ४ | भसामाजिक सूरक्षा भत्ता | २७५०००००.०० | प्रधानमन्त्रि रोजगार | ३४७४८१५.०० |
| ५ | प्रधानमन्त्रि रोजगार | ३६१७०००.०० | गरिव संग बिशेश्वर | ३९४०००.०० |
| ६ | गरिव संग बिशेश्वर | ३९४०००.०० | झोलुंगे पुल | १३९०९५०.०० |
| ७ | झोलुंगे पुल | १४०००००.०० | धरौटी | ४३७५००.०० |
| ८ | धरौटी | १२०६५२४.०० | बहूक्षेत्रिय पोषण कार्यक्रम | १२७८०००.०० |
| ९ | बहूक्षेत्रिय पोषण कार्यक्रम | १२०६७००.०० | स्थानीयपूर्वाधार विकास साझेदारी | ००.०० |
| १० | स्थानीयपूर्वाधार विकास साझेदारी | २९७०००००.०० | सर्शत तर्फको नपूग खर्चगा.पा बाट भूक्तानी | ६१३४७९.८० |
| ११ | सर्शत तर्फको नपूग खर्चगा.पा बाट भूक्तानी | ००.०० | समपूरक अनूदान प्रदेश | ००.०० |
| १२ | समपूरक अनूदान प्रदेश | ३७८८०००.०० | स्थानीय निकाय क्षमता बिकास कार्यक्रम | ३०५०००.०० |
| १३ | स्थानीय निकाय क्षमता बिकास कार्यक्रम | २०१३००.०० | गा.पा समपूरक(आरभिडब्लआर) | ४५०००००.०० |
| १४ | गा.पा समपूरक(आरभिडब्लआर) | ००.०० | आर भि डब्लू आर (फिनल्याण्ड सरकार) | ११९५८७०७.५० |
| १५ | आर भि डब्लू आर (फिनल्याण्ड सरकार) | १२८४१०००.०० | शिक्षा विकास निर्देशनालय | ५६००००.०० |
| १६ | शिक्षा विकास निर्देशनालय | ५६००००.०० | बिभिन्न कोष | ००.०० |
| १७ | बिभिन्न कोष | २५०००००.०० | आन्तरीक आम्दानी | १०७३५७२.०० |
| १८ | आन्तरीक आम्दानी | १०७३५७२.०० | मूलुकोषमा रहेको श्रेस्तानूसारको मौज्दात | ३६४०३९०८.८१ |
| १९ | मूलुकोषमा बचत रहेको रकम आम्दानी | २५५७०७९.८० | | ००.०० |
| | जम्मा | ३०६०५७७९०.२४ | जम्मा | ३०६०५७७९०.२४ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम |
|---|---|---|---|
|  |  | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन :** |  |
| १. |  | **बजेट स्वीकृत :-** स्थानीय सरकार सञ्चलन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको विनियोजन ऐन,२०७५ गाउँ सभाबाट मिति २०७५।०३।३२ गते स्वीकृत भएको छ । गाउँ सभाबाट नीति तथा कार्यक्रम र बजेट ढिलो गरी पास भएको अवस्थामा गाउँपालिकाले विकास निर्माणतर्फ समयमै खरिद व्यवस्थापन गरी कार्य सम्पन्न गर्न समय लाग्ने देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक वर्षको असार १० गते भित्र बजेट पास गर्ने व्यवस्था गर्नुपर्दछ । |  |
| २. |  | **अख्तियारी :-** सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र कार्यापालिका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट अख्तियारी दिनुपर्ने व्यवस्था छ । कार्यपालिका प्रमुखले विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको छैन । समयमै बजेट खर्च गर्ने अख्तियारी दिई प्रमुख प्रशासकिय अधिकृतलाई कार्य सम्पादन प्रति जिम्मेवार बनाउनु पर्दछ । |  |
| ३. |  | **<u>गुरुयोजना तथा वार्षिक योजना</u> :-** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतिको आधारमा १० करोड भन्दा माथिको खरिदको हकमा गुरुयोजना र वार्षिक खरिद योजना वनाउनु पर्नेमा ऐन तथा नियमावलीले गरेको व्यवस्था वमोजिम योजना बनाएको छैन । |  |
| ४. |  | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो आधिकार क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । बजेट तथा कार्यक्रम स्वीकृत गर्दाको समयका योजना तथा कार्यक्रमको रकम समेत आर्थिक वर्षको अन्तमा रकमान्तर गरी स-साना योजना र वितरणमुखि कार्यक्रममा खर्च भएको स्थिति छ । गाउँपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था |  |

| | | | |
|---|---|---|---|
| | | गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ५. | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा गाउँपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । गाउँपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ६. | | **आन्तरिक लेखा परिक्षण :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा७७ मा स्थानीयतहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरिक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरिक्षण हुनुभन्दा अगावै सम्परिक्षण गराउनु पर्नेछ भने व्यवस्था छ । गाँउपालिकाले यो वर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनले गरेको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ । | |
| ७. | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलितकानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |

<table>
<tr><td>८.</td><td></td><td>जिन्सी मूल्याङ्कन प्रतिवेदन:- सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक कार्याविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४ को दफा ४८ मा कार्यालयले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई आएका जिन्सी मालसामानको अध्यावधिक विवरण तयार गर्नुपर्ने र सो जिन्सी मालसामानको जिन्सी मूल्याङ्कन प्रतिवेदन लिई राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपर्युक्त ऐनको मनसाय वमोजिम जिन्सी प्रतिविदेन लिएको छैन । जिन्सी मालसामानको मूल्याङ्कन गरी जिन्सी प्रतिवेदन लिई राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td></td><td>तलबि प्रतिवेदन :-गाउँपालिका र गाउँपालिका अन्तर्गतका स्वस्थ्य, शिक्षा, कृषि, महिला लगायत सबै निकायमा कार्यरत स्थायी कर्मचारीको वार्षिक रुपमा तलवि प्रतिवेदन पास गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । गाउँपालिले यो वर्ष कसैको पनि तलवि प्रतिबेदन पास नगरी रु.४,१३,७५,३१३।- शिक्षकको तलब भत्तामा खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१०.</td><td></td><td>लेखा ढाँचा:- सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँ लेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भै सकेको अवस्थामा गाउँपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन ।</td><td></td></tr>
<tr><td></td><td></td><td>नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहाय बमोजिम छन् :-</td><td></td></tr>
<tr><td>११.</td><td></td><td>स्थानीय तहका पदाधिकारी सुबिधा : नेपालको संबिधानको धारा २२७ मा गाँउ सभा तथा नगर सभाका सदस्यले पाउने सुबिधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यबस्था अनुसार शिवनाथ गाउँपालिकाले देहायबमोजिम रु. ३८,५१,०००।- सुबिधा वापत भुक्तानी गरेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>बिवरण</th><th>अध्यक्ष</th><th>उपाध्यक्ष</th><th>वडा अध्यक्ष ६ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २० जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>मासिक सुबिधा</td><td>३००००.००</td><td>२५०००.००</td><td>२००००.००</td><td>८०००.००</td><td>५०००.००</td><td>३२३०००.००</td></tr>
<tr><td>२</td><td>बैठक भत्ता ( बैठक संख्याको आधारमा)</td><td>३०००.००</td><td>३०००.००</td><td>४५००.००</td><td>४५००.००</td><td>४५००.००</td><td>१४५०००.००</td></tr>
</table>
गाउँपालिकाको आन्तरिक आय रु. १०,७३,५७२।- मात्र रहेको अवस्थामा राजस्व बाँडफाँड अन्तर्गत पदाधिकारीको पारिश्रमिकमा रु. ४२,००,०००।- विनियोजन गरी पदाधिकारीको पारिश्रमिकमा रु. ३८,५१,०००।- खर्च भएको छ । गाउँपालिकाले आफ्नो आन्तरिक श्रोत वृद्धि गरी ऐनको मनसाय बमोजिम आन्तरिक श्रोतको आधारमा</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | मासिक पारिश्रमिक दिने व्यवस्था गर्नु पर्दछ । | |
| १२. | | **गाउँपालिका (चालु)**<br>**अनुगमन प्रतिवेदनः-** १५६/०७६।०१।२५ गाँउपालिकाले विभिन्न विद्यालयहरुलाई हाजिरी व्यवस्थापन गर्न उग्रतारा ट्रेडिङ्ग एण्ड सप्लायर्स संग रु. ४,८०,२५०।- वरावरको विद्युतीय हाजिरी मेशिन खरिद गरेको छ । खरिद गरिएको उक्त मेशिनहरु तोकिएको विद्यालयहरुमा पठाएकोमा सम्बन्धित विद्यालयहरुमा मेशिन सुचारु भए/नभएको अनुगमन प्रतिवेदन प्राप्त नभएकोले सो कार्यको अनुगमन गरी प्रतिवेदन लिनुपर्दछ । | ४८०२५०.०० |
| १३. | | **पदाधिकारी /कर्मचारीको दैनिक भ्रमण भत्ता भुक्तानीः-** ३२६/०७६।०३।२५ पदाधिकारी तथा कर्मचारीको विभिन्न मितिको दैनिक भ्रमण भत्ता स्वरुप रु. ११,३६,५७१।- आर्थिक वर्षको अन्तमा खर्च लेखेको छ । कार्यालयको कामको लागी आधार वनाई कार्य सम्पन्न प्रतिवेदन लिई मात्र खर्च गर्नुपर्दछ । कुन कर्मचारी/पदाधिकारीलाई के कामको लागी कहाँ, कुन मितिमा पठाएको हो र कहिले कार्यसम्पन्न भयो सो विवरण खुल्नेगरी प्रतिवेदन लिनुपर्दछ । भ्रमण आदेश वमोजिम कार्यसम्पन्न गरी फर्के पश्चात तुरुन्तै प्रतिवेदन तयार गरी विल वमोजिम नियमानुसार भुक्तानी गर्नुपर्नेमा विभिन्न मितिका विभिन्न कर्मचारी/पदाधिकारीको भ्रमण आदेश र भ्रमण विल संकलनगरी खर्च लेखेकोले सो को प्रतिवेदन प्राप्तगरी नियमित गर्नुपर्दछ । | ११३६५७१.०० |
| १४. | | **रकमान्तर :-** सूदुरपश्चिम प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।०४।०१ को कार्यक्रम कार्यान्वयन निर्देशिकामा तलव शिर्षकवाट अन्य चालु प्रकृतिका शिर्षकमा रकमान्तर गर्न नमिल्ने व्यहोरा उल्लेख छ । गाँउपालिकाको मिति २०७६।०३।२३ को निर्णयवाट तलव शिर्षकवाट रु. १७,००,०००।- रकमान्तर गरी अनुगमन शिर्षकमा रु. १२,००,०००।- र विविधमा रु. ५,००,०००।- खर्च गरेको छ । तलव शिर्षकको रकम अन्य अनिवार्य दायित्व भित्र नपर्ने शिर्षकमा लगि गरेको खर्च नियमित खर्च मान्न नसकिएकोले नियमित गर्नुपर्दछ । | १७०००००.०० |
| १५. | | **सवारी साधन खरीदः-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम (३) मा सार्वजनिक निकायले खरीदको आवश्कताको आधारमा खरीद गर्नुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले कार्यालय प्रयोजनको लागी रु ५५,७०,०००।- मा एक Mahindra Scorpio(4WD) सवारी साधन क्याटलग सपिङ्गको विधिवाट खरीद गरेको छ । खरीद नियमावलीको नियम ३१(ख)मा उल्लेख भए अनुसार मालसामान विक्री गर्न चाहने उत्पादाक कम्पनी वा त्यसको आधिकारीक विक्रेताले उत्पादनको आधिकारीक स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण संलग्न राखी सार्वजनिक निकायमा निवेदन दर्ता गराउनुपर्ने हुन्छ । मूल्यमा छुट वा | |

| | | | |
|---|---|---|---|
| | | सुविधामा थप हुनसक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्ने र सो को आधारमा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाताको छनौट गर्नुपर्ने हुन्छ । कार्यालयले नियममा व्यवस्था भए वमोजिम मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण प्राप्त गर्नुपर्नेमा रु. ३,२२,५९८।- वरावरको गाडी डेकोरेशन गरेको भनी भुक्तानी गरेको छ । कार्यालयमा सवारी साधन प्राप्त नहुँदै, सवै मर्मत सम्भार डेकोरेशन सवै कार्य उत्पादक कम्पनी वा विक्रेताको हुने अवस्थामा अनावश्यक रुपमा डेकोरेशन खर्च गरेको रकम अनियमित देखिएकोले नियमित गर्नुपर्दछ । | ३२२५९८.०० |
| १६. | | **अवलोकन भ्रमणः-** ३२५/०७६।०३।२५ गाँउपालिकाले पालिकाका पदाधिकारीहरुको अवलोकन भ्रमणको लागी रु १५,००,०००।- खर्च लेखेको छ । ५३ जना पदाधिकारी तथा कर्मचारीहरुको अवलोकन भ्रमणमा यातायात खर्च तथा वास खर्च कार्यालयले व्यहोरेको अवस्थामा भ्रमणका पदाधिकारी तथा कर्मचारीहरुलाई ७ दिनको एकमुष्ठ कसैलाई ८४००।- कसैलाई ७०००।- र कसैलाई ५०००।- को दरले दैनिक भ्रमण भत्ता स्वरुप रु. ४,४५,२००।- उपलब्ध गराएको छ । दोहोरो खर्च हुने गरी भुक्तानी भएको सो रकम नियमित खर्च मान्न नसकिएकोले नियमित गर्नुपर्दछ । | ४४५२००.०० |
| १७. | | **विविध खर्चः-** नेपाल सरकार, अर्थ मन्त्रालयको खर्च शिर्षक वर्गीकरण तथा व्याख्यामा विविध शिर्षकको रकम कार्यालय संचालनको क्रममा आइपर्ने वैठकहरुको चिया, पानी जस्ता सामान्य खर्चहरुमा गर्न सकिने व्यहोरा उल्लेख छ । गाँउपालिकाले प्रत्येक वडाको वैठकमा भएको विविध खर्च स्वरुप रु. १२,९१,५२७।- खर्च गरेको छ । विविध खर्चमा चिया, पानीको विल वाहेक अन्य कार्यालय सामान खरिदका विलहरु राखी भुक्तानी लिएको अवस्था छ । कार्यालय सामान, मोवाईल खरीद गरेको विल संलग्न राखी गरेको खर्च विविध शिर्षक भित्र पर्ने खर्च मान्न नसकिएकोले नियमित गर्नुपर्दछ । | १२९१५२७.०० |
| १८. | | **बैठक भत्ताः-** गाँउपालिकाले यो वर्ष वैठक भत्तामा रु ......... खर्च गरेको छ । सो मध्ये वडा कार्यालयहरुको वैठक भत्ता वापत रु. १५,३०,०००।- खर्च गरेको छ । वैठक भत्ताको खर्च लेखेको अवस्थामा वैठकको आवश्यक्ता र त्यसको उपलब्धिको विवरण समेत राखी खर्च लेखेको छैन । वैठक संख्याको आधारमा खर्च लेखेको छ । सूदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ मा वैठक भत्ता स्वरुप गर्न सकिने खर्चको परिकल्पना गरेको छैन । कार्यपालिकाको वैठक तथा वडा कार्यालयको वैठकमा खर्च हुने वैठक भत्ताको हकमा कानुन तर्जुमा गरी खर्च गर्नुपर्ने देखिन्छ । | |
| १९. | | **सडकको DPR :-** ३९५/०७६।०३।२५ सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ७२ वमोजिम परामर्शदाता वाट प्रस्ताव माग गरी ८ वटा सडकको DPR तयार गर्ने गरी गाँउपालिकाले परामर्शदाता श्री जयदेव इन्जीनियर्स कन्सल्टेन्सी संग रु. १४,९९,२६१।- मिति २०७६।०३।०४ मा सम्झौता गरी कार्य लगाएको छ । मिति | |

<table>
<tr><td></td><td></td><td>२०७६ आषाढ मसान्त भित्र कार्यसम्पन्न गर्नेगरी कार्य गराएकोमा परामर्शदाताले ५ वटा सडकको रिपोर्ट मात्र उपलब्ध गराएको छ । समयमा नै वजेट तथा कार्यक्रम स्वीकृत भएको अवस्थामा आर्थिक वर्षको अन्तमा परामर्शदाता संग काम गराई कार्यसम्पन्न हुन सकेको छैन । समयमानै परामर्शदाता छनौट गरी कार्य सम्पन्न भएको अवस्थामा सोही प्रतिवेदनको आधारमा योजनामा उपभोक्ता संग सम्झौता गरी कार्य सम्पन्न गरिने अवस्था रहन्छ । आर्थिक वर्षको अन्तमा भएको कार्यवाट जुन उद्देश्यले DPR प्राप्त गरी कार्य गर्न खोजिएको हो सो उद्देश्य पूरा हुने देखिदैन । सम्झौता वमोजिम कार्य सम्पन्न नभएको अवस्थामा रु. १०,३४,४४२।- भुक्तानी भएको सो खर्चलाई नियमित खर्च मान्न नसकिएकोले नियमित गर्नुपर्दछ ।</td><td>१०३४४४२.००</td></tr>
<tr><td>२०.</td><td></td><td>सार्वजनिक निर्माणमा हेभी मेशिनको प्रयोगः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्यूटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाईने व्यहोरा उल्लेख छ । लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायवाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेछ भने व्यवस्था नियमावलीले गरेको छ । नगरपालिका भित्रका अधिकांश उपभोक्ता समितिले सडकको सामान्य (माटो काट्ने) काममा समेत हेभी मेशिन प्रयोग गरेका छन । हेभी मेशिन प्रयोग गरी सडक निर्माण कार्यमा भएको भुक्तानीको केही उदाहरण देहाय वमोजिम छन ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समिति</th><th>प्रयोग भएको साधन</th><th>रकम रु.</th></tr>
<tr><td>३८२/०७६।०३।२५</td><td>साउगाडा इवला भल्या सडक उ.स.</td><td>स्काभेटर</td><td>१३४००००.००</td></tr>
<tr><td>३८३/०७६।०३।२५</td><td>द्वारिका देवी ठकुरानी उ.स.</td><td>स्काभेटर</td><td>६८७१७५.००</td></tr>
<tr><td>३८४/०७६।०३।२५</td><td>मल्लीगाड देखि पोखरेठी सडक उ.स.</td><td>स्काभेटर</td><td>५६२५००.००</td></tr>
<tr><td>३९०/०७६।०३।२५</td><td>छेला रेहीगडा नि.उ.स.</td><td>स्काभेटर</td><td>२१००००.००</td></tr>
<tr><td>३९२/०७६।०३।२५</td><td>दन्नी देवीगडा सडक नि.उ. स.</td><td>स्काभेटर</td><td>१६०००६८.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१.</td><td></td><td>मूल्य अभिवृद्धि करः - संघिय सरकार/नेपाल सरकारको आर्थिक ऐन, २०७६ ले मिति २०७६ जेष्ठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५०% मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्य अभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले माथी उल्लेखित वुँदा नं. १६ र १७ मा उल्लेखित परामर्शदाता र निर्माण व्यवसायीलाई भएको मूल्य अभिवृद्धि कर रु. ४,५२,७०४।- भुक्तानी भएकोमा मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>निर्माण व्यवसायी</th><th>मू.अ.कर भुक्तानी</th></tr>
<tr><td>३८२/०७६।०३।२५</td><td>शिव छडि नागार्जुन नि. से.</td><td>९७५००.००</td></tr>
<tr><td>३८३/०७६।०३।२५</td><td>स्वराज मेघा कन्स्ट्रक्सन</td><td>७७५५१.००</td></tr>
</table></td><td>४५२७०४.००</td></tr>
</table>

| | | |
|---|---|---|
| | प्रा.लि. | |
| ३८४/०७६।०३।२५ | शुक्र कमली नि.से. | ६६२६६.०० |
| ३९०/०७६।०३।२५ | शुक्र कमली नि.से. | २७३००.०० |
| ३९२/०७६।०३।२५ | शुक्र कमली नि.से. | १८४०८७.०० |
| | जम्मा | ४५२७०४.०० |

२२. **विद्यालयहरुलाई अनुदानः-** १३ र १४/२०७५।१२।११ गाँउपालिकाले मिति २०७५।११।२१ मा प्रमाणीकरण गरेको आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा १३ मा विद्यालयहरुमा तोकिएको शैक्षिक स्तर कायम गर्न र तोकिएको सूत्रको आधारमा गाँउपालिकाले सामुदायिक विद्यालयहरुलाई अनुदान दिने व्यवस्था गरेको छ । गाँउपालिकाले विद्यालयहरुको शैक्षिक स्तर र निकासा दिने कार्यविधि तय नगरी रु. १,२१,५०,९४०।- विभिन्न विद्यालयहरुलाई स्वयंसेवक शिक्षकको लागि निकासा दिएको छ । स्वयंसेवक शिक्षकहरुको पारिश्रमिक स्वरुप दिईएको अनुदानको हकमा विद्यालयको शैक्षिक स्तर हेरी कार्यविधि तयार गरी अनुदान निकासा गर्नुपर्दछ ।

२३. **अनुगमन समितिको सिफारिशः-** गाँउ सभावाट स्वीकृत गरिएका सबै आयोजनाहरु कार्यालयले आर्थिक वर्ष तेश्रो चौमासिक भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समितिवाट कार्य सम्पन्न गराउनु पर्दछ । वहुवर्षिय योजना वाहेक अन्य आयोजनाहरुको हकमा आर्थिक वर्षको तेश्रो चौमासिक भित्र कार्य सम्पन्न गर्नेगरी ठेक्का व्यवस्थापन वा उपभोक्ता समिति मार्फत कार्य गराउने र वहुवर्षिय तथा सालवसाली ठेक्काहरुको विभिन्न चरणमा गाँउपालिकामा रहेको अनुगमन समितिवाट अनिवार्य अनुगमन प्रतिवेदन लिएर मात्र भुक्तानी गर्ने गर्नुपर्दछ । कार्यालयले अनुगमन समितिको प्रतिवेदन वेगर भुक्तनी गरेको निर्माण कार्यको केही उदाहरण देहाय वमोजिम छन ।

| गो.भौ.नं./मिति | निर्माण कार्य | रकम रु |
|---|---|---|
| ३८३/०७६।०३।२५ | द्वारिका देवी ठकुरानी उ.स. | ६८७१७५.०० |
| ३८४/०७६।०३।२५ | मल्लीगाड देखि पोखरेठी सडक उ.स. | ५६२५००.०० |
| ३८८/०७६।०३।२५ | ठुलापातल खान देखि वकुन्ना | ४८००००.०० |
| ३८९/०७६।०३।२५ | धौनीगैर विनपाते सिंचाई पोखरी | ४२२४००.०० |
| ३९०/०७६।०३।२५ | छेला रेट्टीगडा नि.उ.स. | ७२००००.०० |
| ३९१/०७६।०३।२५ | खेलकुद मैदान नि.उ.स. | ५७६०००.०० |

२४. **सर्भे कार्यः -** २५२/०७६।०३।२० गाँउपालिकाले १९ वटा सडक सर्भे कार्यको लागि इन्जिनियर श्री सुदर्शन देव पाण्डेयलाई १४.२२० कि.मी. प्रति कि.मी. ४२,७३२।- ले हुने रु ७,०६,६६१।- भुक्तानी गरेको छ । कार्यालयमा कार्यरत इन्जिनियरलाई कार्यालयको कामको लागी दैनिक भ्रमण भत्ता खानेगरी काममा लगाउन सकिने र कम खर्चमा मितव्ययी तवरवाट कार्य सम्पन्न गर्नुपर्नेमा वढी खर्च गरी कार्य गराएको छ । कार्यालयको जनशक्तिले नभ्याएको अवस्थामा परामर्शदाताको छनौट गरी सार्वजनिक खरीद ऐन तथा नियमावली वमोजिम कार्य सम्पादन गर्नुपर्दछ । सर्भे गरिएको सडकहरुको सबैको प्रतिवेदन प्राप्त भयो / भएन सो एकिन गर्नुपर्ने, सर्भे गरिएका सडकको अभिलेख प्रमाणित गरी राख्नुपर्नेमा राखेको छैन । कार्य सम्पन्न

| | | | |
|---|---|---|---|
| | | भएपछि सो कार्यको मूल्याङ्कन गरी अनुगमन समितिको प्रतिवेदन साथ गाँउपालिकाले आफ्नो स्वामित्वमा लिनुपर्नेमा सो कार्य भएको छैन । नियमको प्रक्रिया तथा सर्भे कार्यमा खर्च लेख्न मिल्ने आधार पेशगरी नियमित गर्नुपर्दछ । | ६०७६६१.०० |
| २५. | | **पाइप खरीद :-** २४८/०७६।०३।१९ सार्वजनिक खरीद नियमावली, २०६४ को नियम (३) मा सार्वजनिक निकायले कुनै पनि खरीद कार्य आवश्यकताको आधारमा गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सदिक्षा ट्रेडर्स एण्ड सप्लायर्स संग रु. १०,३२,१०६।- वरावरको पाइप खरीद गरेको छ । विभिन्न साइजको खरीद गरिएका पाइपहरु सवै कार्यालयमा मौज्दात रही रहेको छ । साथै खरीद गरिएको पाइपको मूल्यमा रु. १,१४,५९६।- मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा सो को ५०% मू.अ.कर भुक्तानी गर्दा कै वखत कट्टा गरी राजश्व दाखिला गर्नुपर्नेमा सो को कट्टा गरेको छैन । आवश्यकताको आधारमा खरीद गरिएको सवै पाइप कार्यालयमा मौज्दात रहेकोले खर्चको आधार नभएकोले सोको आधार पेश गर्नुपर्दछ । | १०३२१०६.०० |
| २६. | | **सर्शत (शिक्षा)**<br>**कार्यक्रम नभएको:-** सर्शत कार्यक्रम तर्फ २ कोठे नयाँ कक्षा कोठा (फर्निचर सहित) निर्माणको लागि गाँउपालिका लाई रु. ३२,००,०००।- वजेट प्राप्त भएको छ । गाँउपालिकाले विद्यालयको भौतिक अवस्था विचार गरी प्राथमिकताको आधारमा विद्यालय छनौट गर्नुपर्दछ । गाँउपालिकाले विद्यालयको प्राथमिकता निर्धारण गरी अनुदान निकासा नगरेको कारण २ कोठे भवन निर्माण कार्यको लागि प्राप्त वजेट रु. ३२,००,०००।- खर्च नभै फिर्ता भएको छ । समयमा नै कार्यविधिले तोके वमोजिम विद्यालयको छनौट गरी विद्यालयलाई किस्ता कायम गरी रकम निकासा दिने र कामको मूल्याङ्कन गर्दै जानु पर्दछ । | |

| | | | |
|---|---|---|---|
| २७. | | **<u>कार्य सम्पन्न नभएको</u>:-** विद्यालय भवन तर्फ साविकको जिल्ला शिक्षा कार्यालयले छनौट गरेको शारदा मा.वि. मोटेला शिवनाथलाई क्रमागत विद्यालयको रुपमा छनौट गरी गतवर्ष रु. १८,००,०००।- निकासा गएको छ । यो वर्ष गाँउपालिकाले विद्यालयको कामको आधारमा नापजाँच गरी, मूल्याङ्कन गरी विद्यालयलाई निकासा दिने काम भएको छैन । यो वर्ष विनियोजित वजेट रु. १८,००,०००।- खर्च नभै फिर्ता भएको छ । यो वर्ष विद्यालय (क्रमागतमा रहेको) लाई रकम निकासा नभएको, विद्यालय भवन निर्माणधीन अवस्थामा रहेको कारण भवन पुरागरी निर्माण सम्पन्न हुने संभावना न्युन भएको छ । गत वर्ष राज्यको लगानी भैसकेको अवस्थामा विद्यालय भवन के कसरी सम्पन्न गर्ने सो तर्फ गाँउपालिकाको ध्यान जानु पर्दछ ।<br> <br>शारदा मा.वि. मोटेला शिवनाथ | |
| २८. | | **<u>स्वास्थ्यः</u>**<br>**<u>वर्थिङ्ग सेन्टरमा अनमि नियुक्तिः</u>-** अस्पताल तथा वर्थिङ्ग सेँटरमा २४ सै घण्टा प्रसूति सेवा संचालन गर्न करारमा अ.न.मी. नियुक्त गर्ने कार्यक्रम अन्तर्गत गाँउपालिकाले रु. १७,२९,९०३।- खर्च गरेको छ । सेवाको गुणस्तरमा कम नहोस भनी निर्देशिकाले प्रति महिना रु. २२,१७०।- प्राप्त गर्ने गरी नियुक्त गर्नुपर्नेमा गाँउपालिकाले मासिक रु. १२,५००।- देखी १४,०००।- दिने गरी अ.न.मी. नियुक्त गरी खर्च गरेको छ । वर्थिङ्ग सेन्टरमा प्रसूति केसको आधारमा निर्देशिकाको मनसाय वमोजिम करारमा अ.न.मी. नियुक्त गरी कार्यमा लगाउनु पर्दछ । | |
| २९. | | **<u>आन्तरिक आयः</u>**<br>**<u>लेखा नराखेको</u>:-** गाँउपालिकाले यो वर्ष आन्तरिक आयतर्फ रु. १०,७३,५७२।- आय | |

<table>
<tr><td></td><td></td><td>देखाएको छ । आयतर्फ विभिन्न श्रोतवाट प्राप्त रकमलाई गोश्वारा भौंचर उठाई वैङ्क नगदी कितावमा लेखाङ्कन गर्नुपर्दछ ।  गाँउपालिका तथा वडा कार्यालयहरुमा प्रयोग भएको नगदी रसिदको विवरण वमोजिमको आय लेखाङ्कन गर्ने र नगदी रसिदको प्रयोग देखिने गरी रसिद नियन्त्रण खाता राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td></td><td>विपद व्यवस्थापन कोष :-  गाँउपालिकाले यो वर्ष विपद व्यवस्थापन कोषमा रु. १५,००,०००।- जम्मा गरेको छ । विपद व्यवस्थापनको कार्यविधि तयार गरी प्रति कार्ययोजनाको आधारमा खर्च गर्नुपर्नेमा गाँउपालिकाले यो वर्ष कुनै पनि रकम खर्च गरेको छैन, केवल कोष खडा मात्र गरेको छ । कोषको आय व्यय विवरण तयार गरी कार्यविधि र कार्ययोजना वमोजिम खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td></td><td>विपन्न नागरिक सहायता कोषः-  गाँउपालिकाले विपन्न नागरिक सहायता कोषमा रु. १०,००,०००।- जम्मा गरेको छ । विपन्न नागरिक सहायता कोषको कार्यविधि तथा कार्ययोजनाको आधारमा खर्च गर्नुपर्नेमा गाँउपालिकाले केवल कोषमा रकम जम्मा गर्ने कार्य मात्र गरेको छ । कोषको आय व्यय विवरण तयार गरी कार्यविधि र कार्ययोजना वमोजिम खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td>गाउँपालिका -चालु)</td><td></td></tr>
<tr><td>३२.</td><td></td><td>मूल्य अभिवृद्धि कर दाखिला नभएको : संघीय सरकार /नेपाल सरकारको आर्थिक ऐन,२०७६ ले मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी /सप्लार्यसलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्य अभिवृद्धि कर कोष सालमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले देहाय बमोजिमको मूल्य अभिवृद्धि कर भुक्तनी गरेको समयमा सो ऐन बमोजिम कट्टा गरी दाखिला गरेको छैन । देहाय बमोजिम भएको भुक्तानीमा भुक्तानीको मू.अ.कर राजस्व दाखिला भएको प्रमाण पेश गर्नपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विवरण</th><th>विल नं./मिति</th><th>विल रकम</th><th>मू.अ.कर</th></tr>
<tr><td>३०६/२०७६।०३।२५</td><td>सुविसु केवुल नेट बालुवाटार काठमाडौं</td><td>२८८८६१/०७६।०३।२५</td><td>१३५६००.००</td><td>१७६२८.०</td></tr>
<tr><td>३०९/२०७६।०३।२५</td><td>व्यवसा विकास परामर्श प्रा.ली.</td><td>२१/०७६।३।१०</td><td>३४९०००.०</td><td>४५३७०.०</td></tr>
<tr><td>१७/२०७६।०३।२२</td><td>शिक्षा तर्फ हिरापुर मा.वि. स्मार्ट कम्युनिकेसन वैतडी</td><td>९२/०७६।३।२०</td><td>१५१९८८.००</td><td>१९७५८.०</td></tr>
<tr><td></td><td>न्यु सागरमाथा इम्पेक्स धनगढी</td><td>४०३/०७६।३</td><td>७२३०९.००</td><td>८११०.००</td></tr>
<tr><td></td><td>शर्मा काष्ठ तथा स्टील फर्निचर</td><td></td><td>१६८१४३.</td><td>२१८५८</td></tr>
</table></td><td>११२७२४.००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td>००</td><td>.०</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>८७७०४० .०</td><td>११२७२ ४.</td></tr></table></td><td></td></tr>
<tr><td>३३.</td><td></td><td><u>कार्यक्रम संचालन</u> :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ अनुसार कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गरी नियम २५ वमोजिम प्रगति विवरण तयार गरी तालुक मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका कार्यक्रम संचालन नगरी बजेट फ्रिज गरेको देखिएकोले स्वीकृत कार्यक्रम संचालन गरी प्रगति दाखिला गर्नुपर्दछ ।<table><tr><td>कार्यक्रमको नाम</td><td>बजेट रकम</td><td>खर्च रकम</td></tr><tr><td>पशु स्वास्थ्य रोग अन्वेषण कार्यक्रम</td><td>६६000.00</td><td>00.00</td></tr><tr><td>बाल कल्याण कार्यक्रम</td><td>५३000.00</td><td>00.00</td></tr><tr><td>पशु सेवा विकास कार्यक्रम</td><td>८0000.00</td><td>00.00</td></tr><tr><td>कृषि पाठशाला कार्यक्रम</td><td>२00000.00</td><td>00.00</td></tr><tr><td>समाज कल्याण कार्यक्रम</td><td>१३0000.00</td><td>00.00</td></tr><tr><td>मुक्त हलिया पुर्नस्थापना कार्यक्रम</td><td>३७५000.00</td><td>00.00</td></tr><tr><td>जम्मा</td><td>९०४000.00</td><td>00.00</td></tr></table></td><td></td></tr>
<tr><td>३४.</td><td></td><td><u>जेष्ठ नागरिक दीर्घ सेवा सम्मानः</u><br><u>जेष्ठ नागरिक भत्ता</u>:- नेपाल सरकारले जेष्ठ नागरिक भत्ता वैङ्कमार्फत वितरण गर्ने व्यवस्था गरेको छ । कार्यालयले वैङ्क मार्फत वितरण नगरी नगद वितरण गरेको देखियो । सरकारको निति नियमको अनुसरण गरी भत्ता वैङ्क मार्फत वितरण गर्नुपर्दछ । साथै प्रत्येक वडा कार्यालयवाट सामाजिक सूरक्षा भत्ता प्राप्त गर्नेको अद्यावधिक विवरण प्राप्त गरी सोही आधारमा भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td></td><td><u>कर्मचारी अवकाश कोष</u>:- स्थानीय सरकार संचालन ऐन, २०७४ मा कर्मचारी अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले कर्मचारी अवकाश कोष स्थापना गरेको छैन । भविष्यमा कर्मचारी अवकाश हुँदा नियमानुसार भुक्तानी दिनुपर्ने दायित्व कोषवाट भुक्तानी गर्नुपर्ने हुन्छ । अतः ऐन नियमको पालना गरी अवकाश कोष स्थापना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td></td><td><u>पेश्की खाता नराखेको</u>:- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(२) मा कार्यालयले कुनै व्यक्ति वा संस्थालाई पेश्की भुक्तानी गर्दा म.ल.प.फा.नं. २२ अनुसारको पेश्की खातामा प्रविष्ट गरी पेश्की अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश्की खाता नराखेकोले पेश्की हिसाव अद्यावधिक छ भनि एकिन गर्न सकिएन । नियमको पालना गरी पेश्की खाता राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td></td><td><u>पेश्की बांकी</u> :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले २०७६ आषाढ मसान्त सम्ममा देहायका उपशिर्षकहरुमा पेश्की बाँकि देखाएकोले पेश्की फछ्र्यौट हुनुपर्दछ ।</td><td>१२८७६००.००</td></tr>
</table>

| शिर्षक | गो.भौ.नं./मिति | पेश्की लिने | रकम |
| --- | --- | --- | --- |
| झोलुङ्गे पुल | --- | वगार झो.पु.निर्माण सेवा उ.स.(गुजे सिंह विष्ट) | ५०००००.०० |
| झोलुङ्गे पुल | ४/०७६।०३।२५ | सेला कोपरे झो.पु.निर्माणउ.स.(हजारीसिह विष्ट) | ६०००००.०० |
| वित्तिय समाणीकरणा | २०७६।०१।१९ | भर्रा भवानी खानेपानी नि.उ.स. | ११०८००.०० |
| | २०७६।०२।१७ | सरस्वती प्रा.वि. भान्साघर नि.उ.स. | ७६८००.०० |
| | | जम्मा | १२८७६००.०० |

**३८.** **निकासा खाता नराखेकोः-** शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ अनुसार कार्यालयले तोकिएको ढाँचामा विद्यालयमा निकासा दिनुपर्ने रकम विद्यालय निकासा खातामा प्रविष्ट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विद्यालय निकासा खाता राखेको छैन । निकासा खाता नराखेको कारण निकासा रकम अद्यावधिक छ भन्न सकिएन । अतः नियमको पालना गरी निकासा खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

**३९.** **कार्यसम्पन्न नभएकोः-** कार्यालयले उपलब्ध गराएको अनुदान तोकिएको कार्यमा खर्च गरी कार्य सम्पन्न भएको हुनुपर्छ । कार्यालयले देहायका विद्यालयहरुलाई अनुदान उपलब्ध गराएकोमा तोकिएको कार्यको अनुगमन प्रतिवेदन, कार्यसम्पन्न भएको प्रमाण पेश नभएकोले कार्य सम्पन्न भएको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

| कार्यक्रमको नाम | रकम रु. |
| --- | --- |
| नागार्जन मा.वि. विज्ञान प्रयोगशाला निर्माण अनुदान | ६४९९००.०० |
| उदय मा.वि. आई.सि.टि. सूचना प्रविधि सेन्टर बनाउन | |
| नागार्जुन मा.वि. शर्माली विज्ञान प्रयोगशाला निर्माण | २७९२०००.०० |

**गाउँपालिकाको सञ्चित कोष विवरण** **अनुसूची १**

**२०७५।७६**

(रु.हजारमा)

| क्रं.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | शिवनाथ गाउँपालिका | बैतडी | ३२५४६ | ६९३०० | २०३१३९ | १०७३ | २७३६१२ | १६८३२८ | १००२५३ | १०७३ | २६९६५४ | ३६४०४ |

**अनुसूची( २**

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

**२०७५।७६**

**(रु.हजारमा)**

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा स)ख्या | | | | नियमित गनुंपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गनुंपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | शिवनाथ गाउँपालिका | २४ | १५ | १०३६० | ० | १ | ४५७ | २४ | १४ | ९९०३ | ० | ६५३८ | २०७८ | ० | ० | ८६१६ | ० | १२८७ | १२८७ |

**अनुसूची ३**

## अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६** **(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिवनाथ गाउँपालिका | बैतडी | ६५८२५ | ५३३९ | ६०४८६ | ० | ९९०३ | ७०३८९ |